## संस्थाको परिचय :

नेपाल सरकार सहकारी ऐन, २०४८ बमोजिम २०६७/६८ मा सहकारी डिभिजन कार्यालय काठमाडौंमा दर्ता भई सञ्चालित यस जनलहर बचत तथा ऋण सहकारी संस्था लिमिटेडले विशुद्ध आफ्ना सदस्यहरुसँग छरिएर रहेको स-साना पूँजीलाई एकिकृत गरी आफ्नै सदस्यहरुको उज्वल भविष्यको लागि, सदस्यहरुद्वारा अघि सारिएका विभिन्न परियोजनाहरुलाई सफल बनाउन त्यही संकलित रकम कर्जा स्वरुप प्रवाह गराइदिने सहयोगी संस्था हो । यसले एकातिरबाट सदस्यहरुसँग छरिएर पूँजीलाई केही ब्याज दिई एकतृत गर्छ भने अर्कोतिर सदस्यहरुलाई केही ब्याज लिई सदस्यहरुको गर्जो टारिदिने पुलको काम गरेको छ ।

संस्थाको कार्यलय काठमाडौं महानगरपालिका वडा नं. ७ चावहिल, बौद्धनाथ मार्गमा रहेको छ । यस संस्थालाई सहज रुपले सञ्चालन गर्नको लागि आर्थिक क्षेत्र लगायत विभिन्न क्षेत्रमा ख्यातिप्राप्त बौद्धिक व्यक्तित्वहरुद्वारा व्यवस्थापन समालिएको छ । यसका साथसाथै संस्थालाई अझ प्रभावकारी रुपमा कार्यन्वयन गर्नका लागि योग्य अनुभवी कर्मचारीहरु र आधुनिक उपकरणहरुको व्यवस्था गरिएको छ ।

## संस्थाको मुख्य उद्देश्यहरु :

१. संस्थामा संलग्न सदस्यहरुमा मितव्ययिताको भावना जागृत गराई नियमित बचत गर्ने बानीको विकास गर्ने ।

२. सदस्यहरुको व्यक्तिगत एवं सामुहिक क्षेमता अभिवृद्धि गरी स्वाबलम्बी एवं आत्मनिर्भर समाजको निर्माणमा योगदान पुऱ्याउने ।

३. सदस्यको प्राथमिक आवश्यकता र आय आर्जनको क्षमताको पहिचान गरी उत्पादनशील र आयमूलकको क्षेत्रमा सदस्यहरु मार्फत लगानी प्रवर्द्धन गरी छरिएर रहेको राष्ट्रिय पूँजी उपयोग बढाउने ।

४. सदस्यहरुको दैनिक जीवनका विविध क्षेत्रमा संस्थागत सहयोग पुऱ्याउने खालका सेवामूलक कार्यहरु सञ्चालन गरी सहकारीताको महत्व स्थापित हुने काम समुदायमा स्थापित गर्ने ।




## संस्थाद्वारा प्रतिपादित बचत योजना र ब्याजदर

### नियमित दैनिक खातामा दिइने ब्याजदर

| अवधि | ब्याजदर (रु २०० सम्म) | ब्याजदर (रु ३०० देखि रु. ५०० सम्म) | ब्याजदर (रु ६०० देखि रु. १००० सम्म) | ब्याजदर (रु ११०० वा सो भन्दा बढी) |
|---|---|---|---|---|
| ३ महिना | ९.५% | १०% | १०.५% | ११% |
| ६ महिना | १०% | १०.५% | ११% | ११.५% |
| १ वर्ष | १०.५% | ११% | ११.५% | १२% |
| २ वर्ष | ११% | ११.५% | १२% | १२.५% |
| ३ वर्ष | ११.५% | १२% | १२.५% | १३% |

### मुद्धति (आवधिक बचत) खातामा दिइने ब्याजदर

| अवधि | ब्याज भुक्तानी | | | |
|---|---|---|---|---|
| | १/१ महिना | ३/३ महिना | ६/६ महिना | एकमुष्ट |
| ३ महिना | - | - | - | ११% |
| ६ महिना | - | ११.५% | १२% | १२% |
| १ वर्ष | १२.५% | १३% | १३.५% | १४% |
| २ वर्ष | १३.५% | १४% | १४.५% | १५% |
| ३ वर्ष | १४.५% | १५% | १५.५% | १६% |

### जनलहर लखपति योजना एकमुष्ट भुक्तानी (मासिक)

| बचत रकम | मासिक जम्मा गर्नुपर्ने | एकमुष्ट भुक्तानी |
|---|---|---|
| रु. ३९०० | १ वर्षसम्म | रु. ५०,००० |
| रु. ७८०० | १ वर्षसम्म | रु. १,००,००० |
| रु. ७५०० | २ वर्षसम्म | रु. २,००,००० |
| रु. ७००० | ३ वर्षसम्म | रु. ३,००,००० |
| रु. ६५०० | ५ वर्षसम्म | रु. ५,००,००० |
| रु. १२५०० | ५ वर्षसम्म | रु. १०,००,००० |

### जनलहर लखपति योजना एकमुष्ट भुक्तानी (दैनिक)

| बचत रकम | जम्मा गर्नुपर्ने दिन | एकमुष्ट भुक्तानी |
|---|---|---|
| रु. २०० | २४० दिन | रु. ५०,००० |
| रु.. ५०० | १९० दिन | रु.१,००,००० |
| रु. ७०० | २७२ दिन | रु. २,००,००० |
| रु. १००० | २८५ दिन | रु. ३,००,००० |
| रु. १५०० | ३१८ दिन | रु. ५,००,००० |

### घरमालिक बचत खाता

**११% ब्याजदर**

खाता खोल्न लाग्ने रकम : रु.१०००/-
न्यूनतम बचत : रु.१०००/-

फोनबाटै रकम जम्मा गर्न सकिने ।
फोनबाटै रकम भुक्तानी गर्न सकिने ।

### जनलहर विशेष बचत खाता

**१०% ब्याजदर**

खाता खोल्न लाग्ने रकम : रु.१०००/-
न्यूनतम बचत : रु.१०००/-
जम्मा गर्नुपर्ने रकम कम्तिमा: **दैनिकमा रु.२००/- मासिकमा रु.६०००/-**

### बाल बचत मासिक योजना

| दैनिक किस्ता | मासिक किस्ता | ब्याजदर | जन्म दिन उपाहार |
|---|---|---|---|
| रु.१००/- | रु.३,०००/- | १०% | रु.२५०/- |
| रु.२००/- | रु.६,०००/- | १०.५०% | रु.६००/- |
| रु.४००/- | रु.१२,०००/- | ११% | रु.१,३००/- |
| रु.५००/- | रु.१५,०००/- | ११.५०% | रु.१,६००/- |

१ वर्षमा एकमुष्ट भुक्तानी

### गृहलक्ष्मी बचत योजना

**९% ब्याजदर**

खाता खोल्न लाग्ने रकम : रु.५००/-
न्यूनतम बचत : **दैनिक रु.१००/- मासिक रु.३०००/-**

आवश्यकता अनुसार जम्मा गर्न र भुक्तानी गर्न सकिने ।

### साधारण बचत खाता

**८% ब्याजदर**

खाता खोल्न लाग्ने रकम : रु.०/-
न्यूनतम बचत : रु.१००/-

इच्छा अनुसार बचत गर्न सकिने ।
आवश्यकता अनुसार भुक्तानी गर्न सकिने ।

### पर्व बचत योजना (चाड पर्वको लागि बचत)

**११% ब्याजदर**

खाता खोल्न लाग्ने रकम : रु.५००/-
न्यूनतम बचत : रु.५००/-
समयावधि : **कम्तिमा १ वर्ष पुरा भएपछि मात्र भुक्तानी गर्न सकिने ।**
न्युनतमा बचत गर्नुपर्ने रकम : **दैनिक रु.१००/- वा मासिक रु.३०००/-**

फोनबाट रकम जम्मा गर्न र भुक्तानी गर्न सकिने ।